# स्वावलम्बन बैंक

## समाचार

स्वावलम्बन लघुवित्त विकास बैंक लि. द्वारा प्रकाशित त्रैमासिक बुलेटिन। वर्ष १५, अंक २, २०७२ आषाढ

## स्वावलम्बन बैंकद्वारा राहत वितरण



स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले मिति २०७२ बैशाख १२ गते गएको महाभूकम्पमा परी मृत्यु भएका, घाइते तथा पूर्ण रुपमा घर क्षती भएका ग्राहक सदस्यका परिवारलाई राहत वितरण गरेको छ।

बैंकले भूकम्प पिडित भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक तथा सिन्धुपाल्चोक जिल्लाका १४८९ पिडित घर परिवारलाई शाखा कार्यालय मार्फत राहत वितरण गऱ्यो। बैंकले भूकम्प प्रभावित गोरखा, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाका ४,१०० ग्राहक सदस्य घर परिवारलाई प्रति परिवार १ हजार रुपैयाँ नगद र काभ्रेपलाञ्चोक, भक्तपुर र ललितपुर जिल्लाका ५०९ ग्राहक सदस्य घर परिवारलाई प्रति परिवार खाद्यान्न ५ किलो चामल, १ किलो दाल, १ किलो चिउरा, १ किलो नुन, आधा लिटर खाने तेल, ५ प्याकेट चाउचाउ, १ वटा साबुन तथा प्राथमिक उपचारमा आवस्यक औषधिजन्य सामग्री वितरण गरेको छ।

बैंकले कार्यक्रममा आवद्ध ४,६०९ ग्राहक सदस्य परिवारलाई जम्मा ४४ लाख ५३ हजार ६९ रुपैयाँ बरावरको नगद तथा जिन्सी सामान राहत स्वरुप वितरण गरेको छ। त्यसैगरी, जीवन तथा आवास सुरक्षा योजना अन्तरगत समेत नियमानुसार सुविधा प्रदान गरेको छ। भूकम्पबाट बैंकको कार्यक्रम संचालन भएका १० जिल्लाका २४ शाखा/उपशाखा कार्यालयहरु प्रभावित भएका छन्।

बैंकले प्राकृतिक प्रकोपबाट पिडित ग्राहक सदस्य घरपरिवारलाई पटक पटक राहत तथा विभिन्न सहयोग कार्यक्रम निरन्तर रुपमा गर्दै आएको छ। ■

## आकस्मिक कर्जा सम्बन्धी थप व्यवस्था

बैंकले गत बैशाख १२ गते गतेको महाभूकम्पको विपत्तिमा परी आफ्नो घर क्षति भएका २८ वटा कार्यालयका ग्राहक सदस्यहरुलाई उनीहरुको कर्जा चलाउन सक्ने क्षमता हेरी लघुकर्जा प्रदान गर्ने अधिकतम सीमा भित्र रही तोकिएको कार्यविधि बमोजिम बढीमा **रु.२० हजारसम्म आकस्मिक कर्जा** प्रदान गर्न सक्ने गरी थप व्यवस्था गरेको छ। यस व्यवस्थाबाट गत बैशाखमा गएको भूकम्पबाट क्षति पुगेका सदस्यका घरपरिवारलाई थप राहत पुग्ने देखिएको छ। ■

## स्वावलम्बन बैंक र पृथ्वी रेमिट बीच सम्झौता

स्वावलम्बन लघुवित्त विकास बैंक लि. र नेपाल इन्भेष्टमेन्ट बैंक लि.को रेमिट्यान्स सेवा पृथ्वी रेमिट बीच रेमिट्यान्स सेवा संचालन गर्न सम्झौता भएको छ।

सम्झौता पछि बैंकको हाल २३ शाखाबाट रकम स्थानान्तरण गर्न सकिने बताइएको छ। सम्झौतामा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नरेशमान प्रधान र नेपाल इन्भेष्टमन्ट बैंक लि.को तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री ज्योति प्रकाश पाण्डेले हस्ताक्षर गर्नुभयो। ग्राहक सदस्को आवश्यकता तथा चाहना अनुसार पहिलो चरणमा यस अघि "हिमाल रेमिट" बाट रेमिट्यान्स सेवा संचालन गरेको बैंकले हालै "पृथ्वी रेमिट" बाट रेमिट्यान्स सेवा संचालनमा ल्याएको हो। ■

## प्रधानमन्त्री दैवी उद्धार कोषमा रकम जम्मा



स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले भूकम्प पिडित परिवारको उद्धार, राहत र पुनर्स्थापनाका निमित्त कर्मचारीबाट संकलन भएको रकम मध्येबाट रु.१ लाख ११ हजार १ सय ११ रुपैयाँ प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा जम्मा गरेको छ। सिंहदरवार स्थित प्रधानमन्त्री कार्यालयका सचिवलाई उक्त रकम बरावरको चेक हस्तान्तरण गरिएको थियो। ■

## श्री सतिश कुमार श्रेष्ठ सञ्चालकमा नियुक्त



बैंकको संचालक समितिमा मिति २०७२।०३।१६ देखि लागुहुने गरी संस्थापक सेयरधनी समूह "क" स्वावलम्बन विकास केन्द्रको तर्फबाट प्रतिनिधित्व गरी श्री सतिश कुमार श्रेष्ठ संचालकमा नियुक्त हुनुभएको छ। यस अगाडी यस समूहबाट श्री गोविन्दमान श्रेष्ठले प्रतिनिधित्व गर्नुभएको थियो। ■

# लघुवित्त कार्यक्रम सम्बन्धी अध्ययन अवलोकन

स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले समय समयमा विभिन्न लघुवित्त वित्तीय संस्थाका कर्मचारीहरुलाई लघुवित्त कार्यक्रम संचालन सम्बन्धी तालिम प्रदान गर्दै आएको छ ।

- स्वावलम्बन विकास केन्द्रका सहायक कर्मचारी अनिता सुवाल शाखा कार्यालय कमलविनायक भक्तपुरमा ७ दिन बैंकद्वारा संचालित लघुवित्त सम्बन्धी व्यवहारिक अध्ययन/अवलोकन कार्यक्रममा सहभागी हुनुभयो ।
- महिला सहयात्रा माइक्रोफाइनान्स वित्तीय संस्था लि.का ३ जना कर्मचारी बैंकको शाखा कार्यालय लमही, दाङ्ग, उपशाखा कार्यालय श्रीनगर, सल्यान र शाखा कार्यालय, धरान, सुनसरीमा लघुवित्त कार्यक्रम संचालन सम्बन्धी व्यवहारिक तालिममा सहभागी भएका छन ।
- स्वावलम्बन विकास केन्द्रको एक टोलीले गत बैंशाख १२ गते नेपालमा गएको विनासकारी भूकम्प र त्यसछिका पराकम्पले लघुवित्त कारोबार गर्ने संस्था/बैंकमा आवद्ध ग्राहक सदस्य तथा कर्मचारीहरुमा के कस्तो असर परेको छ भन्ने सम्बन्धमा बैंकको उपशाखा कार्यालय लेले, ललितपुरमा Impact Assessment Study-Case Study of Lele Branch सम्बन्धमा र उपशाखा कार्यालय, चौतारा, सिन्धुपाल्चोकमा Impact of Earthquake on Microfinance with reference to Sindhupalchowk District विषयमा छुट्टाछुट्टै अध्ययन सम्पन्न गरेको छ । ■

# कर व्यवस्थापन तालिमको आयोजना



स्वावलम्बन लघुवित्त विकास बैंक लि.केन्द्रीय कार्यालय काठमाडौंले मिति २०७१।१२।२७ र २८ गते दुइ दिन कर व्यवस्थापन तालिमको आयोजना गरेको छ ।

कर सम्बन्धी व्यवस्था र कर गणना गर्ने विषयमा जानकारी गराउने उद्देश्यले आयोजना गरिएको तालिम कार्यक्रममा केन्द्रीय कार्यालयबाट श्री चन्द्रमणि चौलागाँई, श्री नारायण देवी श्रेष्ठ, श्री भेष बहादुर वस्नेत, श्री महेन्द्र वन, श्री दिनेश रत्न शाक्य, श्री इश्वर ढकाल, श्री निलकण्ठ पौडेल, श्री हरि प्रसाद गौतम, श्री संजीव कुमार झा, श्री श्यामलाल चौधरी, श्री लिलबहादुर कार्की, श्री सरीता भण्डारी, श्री राजेन्द्र धितालको सहभागीता थियो । त्यसैगरी, इलाका/शाखा कार्यालयबाट श्री इश्वर बहादुर रोका, श्री मोहित नारायण यादव, श्री मुक्ति यादव, श्री सन्त बहादुर सार्की, श्री सुरेन्द्र बहादुर तामाङ्ग, श्री चमत्कार पौडेलको सहभागीता थियो ।

उक्त तालिम कार्यक्रममा कर सम्बन्धी विविध विषयमा दुइ दिनसम्म कर्मचारीहरुलाई जानकारी गराइएको थियो । कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुहुँदै प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानले यस किसिमको कर सम्बन्धी तालिमले सहभागीहरुलाई कर सम्बन्धी व्यवस्थामा ज्ञान हासिल भई सो को कार्यान्वयनमा सहज हुने र यस प्रकारका तालिम कार्यक्रम बैंकका सम्पूर्ण कर्मचारीलाई आवश्यक भएको बताउनुभयो । ■

## हार्दिक समवेदना



जन्म २०३३/१०/२५ स्वर्गारोहन २०७२/१/१२

यस बैंकको शाखा कार्यालय, कीर्तिपूमा कार्यरत कार्यालय प्रमुख चमत्कार पौडेलको विनासकारी महाभूकम्पमा परी यही २०७२ बैशाख १२ गते असामयिक स्वर्गारोहन भएकोमा स्वावलम्बन लघुवित्त विकास बैंक लि. स्तव्ध र मर्माहित छ । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक, सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं । साथै, विभिन्न शाखा कार्यालयमा आवद्ध सदस्यहरु, सदस्का पति र अन्य परिवारको स्वर्गारोहन भएको र केही सदस्य तथा परिवारजन घाइते हुनु भएकोमा दुख प्रकट गर्दछैं । यस दुखद घडीमा मृतकका परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दै सम्पूर्ण घाइते सदस्यहरु तथा उनीहरुको परिवारजनको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**स्वावलम्बन लघुवित्त विकास बैंक लि., परिवार**

# तालिम, गोष्ठी तथा छलफल

- बैंकले कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा गोष्ठीहरुमा सहभागी गराउँदै आएको छ। आर्थिक वर्ष २०७१।७२ को अन्तिम त्रैमासको अवधिमा नेपाल बैंकर्स प्रशिक्षण केन्द्रले मिति २०७१।१२।२२ आयोजना गरेको लघुवित्त क्षेत्रमा देखिएका समस्या तथा सुशासनको स्थिति विषयक एक दिने अन्तक्रृया कार्यक्रममा का.मु.विभागीय प्रबन्धक श्री चन्द्रकान्त काफ्लेले भाग लिनुभयो ।
- स्वावलम्बन विकास केन्द्रले मिति २०७२।१।९ देखि १६ गतेसम्म बंगलादेशमा आयोजना गरेको लघुवित्त सम्बन्धी अध्ययन/अवलोकन भ्रमण कार्यक्रममा शाखा कार्यालय, साँखुका कार्यालय प्रमुख श्री कुमारी गुरुङ्ग र शाखा कार्यालय धरान, सुनसरीका कार्यालय प्रमुख श्री कृष्ण प्रसाद मिश्र सहभागी हुनुभयो ।
- बैंकिङ्ग ट्रेनिङ्ग इन्स्टिच्यूट, काठमाडौंले मिति २०७२।२।२७ देखि २९ गतेसम्म संचालन गरेको "Operational Risk, Fraud Paper & Signature Verification with Examination of INR 500 & INR 1000" विषयक तालिम कार्यक्रममा वरिष्ठ प्रबन्धक श्री नारायण देवी श्रेष्ठ र वरिष्ठ प्रबन्धक श्री मोहन प्रसाद भट्टराई सहभागी हुनुभयो ।
- मिति २०७२ बैंशाख १२ गते महाभूकम्प गएको केही हप्तापछि बैंकले २४ वटा शाखा कार्यालयका कार्यालय प्रमुखहरुको आकस्मिक बैठक बोलाई भूकम्पपछि कार्यक्रम संचालनमा अगाडी बढ्ने रणनीति सम्बन्धमा छलफल कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधान, स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकरमान श्रेष्ठ तथा कार्यकारी प्रमुख श्री शंकर नाथ कपाली लगायत २४ शाखा प्रबन्धक तथा ४ जना इलाका प्रबन्धकको उपस्थिति थियो । उक्त कार्यक्रममा श्री शंकर मान श्रेष्ठले यस प्रकारको अप्ठ्यारो अवस्थाको समयमा ग्राहक सदस्यलाई सक्दो सहयोग गर्न सबैले हातेमालो गर्नुपर्नेमा जोड दिनुभयो । प्रमुख कार्यकारी अधिकृत श्री प्रधानले यथासक्य चाडो पिडित ग्राहक सदस्यलाई सहयोग गर्न सम्भावित उपायको लागि अगाडि बढ्न अनुरोध गर्नुभयो । ■

# लेखा तालिम सम्पन्न




लेटाङ्ग, मोरङ्गमा आयोजित लेखा तालिमका सहभागीहरु




वीरेन्द्रनगर, चितवनमा आयोजित लेखा तालिमका सहभागीहरु

स्वावलम्बन लघुवित्त विकास बैंक लि.ले सहायक तथा वरिष्ठ सहायक कर्मचारीहरुको दैनिक लेखाको कार्य गर्ने क्षमता अभिवृद्धि गर्ने हेतुले लेखा तालिम संचालन गरेको छ ।

बैंकले मिति २०७२ असार ७ देखि ९ गतेसम्म लेटाङ्ग, मोरङ्ग र मिति २०७२ असार १६ देखि १८ गतेसम्म वीरेन्द्रनगर, चितवनमा आयोजना गरेको हो ।

तालिम कार्यक्रममा जम्मा ५० जना सहभागी मध्ये ४९ जनाको सहभागीता रहेको थियो । चितवनमा सम्पन्न तालिममा श्री जानकी बाँनियाँ, श्री यम बहादुर लामिछाने, श्री भुवन खतिवडा, श्री विन्दु चौधरी, श्री नारायण सुवेदी, श्री रामेश्वर मेहता, श्री रत्नमान सिंह, श्री दिपक सिंह भुजेल, श्री रमेश प्रसाद पोखरेल, श्री मोहन प्रसाद उपाध्याय, श्री सिद्धी राय यादव, श्री अनमोल राज पोखरेल, श्री श्याम काजी महर्जन, श्री अनिता ढकाल, श्री प्रतिभा कासुला, श्री राम कुमार श्रेष्ठ, श्री सिता देवी श्रेष्ठ, श्री रोशन अधिकारी, श्री प्रमोद कुमार सिग्देल, श्री लव कुमार गिरी, श्री सुमन खत्री, श्री हरिशंकर श्रीवास्तव, श्री संजय कुमार साह कानु, श्री देवकरण चौधरी र श्री सुरेन्द्र विष्ट सहभागी हुनुभयो ।

त्यसैगरी, लेटाङ्गमा सम्पन्न तालिममा श्री श्रवण कुमार कोइराला, श्री प्रमोद कुमार कुर्मी, श्री कृष्ण प्रसाद काफ्ले, श्री रमा गुरागाँई, श्री अजय नारायण साफी, श्री शशिभूषण चौधरी, श्री खड्ग बहादुर वस्नेत, श्री राजु कुमार खड्का, श्री कल्पना खत्री, श्री सुबोध नेपाल, श्री मणिराज चेम्जोङ्ग, श्री पुण्य प्रसाद भट्टराई, श्री सुशिला कुमारी चौधरी, श्री चुडा राज सुवेदी, श्री सागर श्रेष्ठ, श्री केशव निरौला, श्री जीत वहादुर नेपाली, श्री किशोर कुमार पंडित, श्री विष्णु प्रसाद पराजुली, श्री दिपक चौधरी, श्री इन्द्रकान्त चौधरी, श्री सुशिल यादव, श्री पुरुषोत्तम सापकोटा र श्री खगेन्द्र घिमिरे सहभागी हुनुभयो ।

तालिमका श्रोत व्यक्तिहरुमा श्री महेन्द्र वन, वरिष्ठ प्रबन्धक, केन्द्रीय कार्यालय र इलाका प्रबन्धकहरुमा श्री राजकुमार सिंह, श्री राजेश्वर यादव, श्री राम प्रसाद भट्टराई र श्री वोतेन्द्र प्रसाद गेलाल रहनु भएको थियो ।

चितवनमा सम्पन्न तालिम समापन कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानज्यूबाट प्रमाणपत्र वितरण भएको थियो । उहाँले तालिम कार्यक्रम पछि आफुले जानेको/सिकेको ज्ञान बैंकको कार्यक्रममा लागु गर्दै अन्य सहकर्मीलाई समेत आफ्नो अनुभव साट्नुपर्ने कुरामा जोड दिनुभयो । ■

# नियुक्ति/बढुवा सिफारिस

स्वावलम्बन लघुवित्त विकास बैंक लि. मा आ.व.२०७१।७२ को अन्तिम त्रैमासमा १ जना नायव महाप्रबन्धक नियुक्त हुनु भएको छ । त्यसैगरी, नायव विभागीय प्रबन्धक (सूचना प्रविधि) पदमा १ जना र सहायक प्रबन्धक (सूचना प्रविधि) पदमा २ जना करारमा नियुक्त हुनु भएको छ । यस अवधिमा बैंकमा २७ जना प्रशिक्षार्थी नियुक्त हुनुभएको छ ।

बैंकले कर्मचारी सेवा विनियमावलीमा व्यवस्था भए बमोजिम आन्तरिक प्रतियोगिताको माध्यमद्वारा २ जना वरिष्ठ प्रबन्धक, ३ जना प्रबन्धक, ६ जना सहायक प्रबन्धक र वरिष्ठ सहायक पदमा ८ जनालाई बढुवा गरेको छ । साथै, बरिष्ठ प्रबन्धक पदमा २ जना, प्रबन्धक पदमा ४ जना र सहायक प्रबन्धक पदमा ३ जना कर्मचारी कायम मुकायम मुकरर भएका छन् । ■




शाखा कार्यालय, पोखरिया, पर्साद्वारा संचालित सीप विकास तालिमका सहभागीहरू

# NYEF र बैंक सहकार्य गर्ने सम्झौता



स्वावलम्बन लघुवित्त विकास बैंक लि. र नेपाल उद्योग वाणिज्य महासंघद्वारा प्रवर्द्धित Nepalese Young Entrepreneurs' Forum (NYEF) बीच गत बैशाख १२ गते गएको भूकम्पबाट प्रभावित गाउँलाई पुनर्वास गर्न सहयोग गर्न, उद्यमशीलता अभिवृद्धि, तथा जनजिवीका विकास गर्न सहयोग पुऱ्याउनका लागि सहकार्य गर्ने सम्झौता भएको छ ।

बैंकले आफ्नो कार्यक्रम संचालन प्रकृया बमोजिम वासस्थान निर्माणका लागि कर्जा प्रवाह गर्ने, समुदाय परिचालन गर्ने र NYEF ले उद्यम विकास, वजार र उत्पादकवीचको सम्वन्ध विकास गर्ने साथै त्यस्ता समुदायलाई आवश्यक पर्ने र स्थानीय श्रोत साधनको प्रयोगबाट उपयुक्त किसिमका वासस्थानको विभिन्न स्वरुप तयार गर्ने विषयमा सहकार्य गर्ने सम्झौता सम्पन्न भएको छ । सम्झौतापत्रमा बैंकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधान र NYEF को तर्फबाट अध्यक्ष श्री निरञ्जन श्रेष्ठले हस्ताक्षर गर्नुभयो । ■

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

## अद्यावधिक स्थिति (२०७२ जेठसम्म)

बैंकले सेवा पुऱ्याएको जम्मा जिल्ला संख्या : ४६

| इलाका कार्यालय | कार्यालय संख्या | कार्यक्रमले ढाकेको गा.वि.स/न.पा | केन्द्र संख्या | समूह संख्या | सदस्य संख्या | ऋणी सदस्य संख्या | ऋणी सदस्य अनुपात (%) | लगानीमा रहीरहेको रकम रु. (000) | सदस्य बचत रकम रु. (000) |
|---|---|---|---|---|---|---|---|---|---|
| विर्तामोड, झापा | ८ | ४९ | ६०४ | २,८२३ | १०,४९२ | ७,९७८ | ७६% | ३४२,६६४ | ११७,८२५ |
| इटहरी, सुनसरी | १० | ८७ | ८७७ | ४,५०६ | २०,४८८ | १५,०२८ | ७३% | ६२५,३४२ | २३४,७३० |
| लहान, सिरहा | १८ | २१२ | १,१५९ | ६,२०१ | २८,५१५ | १९,२७५ | ६८% | ८०७,९४७ | ३४४,३६४ |
| बर्दिबास, महोत्तरी | ११ | १०९ | ७७४ | ४,५१७ | २१,४१२ | १५,३९० | ७२% | ७०८,७८९ | २५०,०५८ |
| वीरगंज, पर्सा | ११ | ११६ | ८३२ | ५,१९२ | २३,७९२ | १८,३५० | ७७% | ७१८,११३ | २९९,१५९ |
| गट्ठाघर, भक्तपुर | १७ | १५० | १,४८८ | ८,०९५ | ३१,३६६ | १७,४७२ | ५६% | ४८६,१३१ | ३६४,७७० |
| घोराही, दाङ्ग | १७ | १२४ | १,३९४ | ७,०३० | ३३,१७६ | २०,४१८ | ६२% | ७४५,७३९ | २८५,७५४ |
| मुग्लिन, चितवन | ९ | ९० | ६९५ | ३,०११ | १५,१३२ | १०,९९४ | ७३% | ३७५,६०१ | १३०,७२२ |
| धनगढी, कैलाली | ८ | ५६ | ५३३ | २,३८१ | १२,२४७ | ६,७०५ | ५५% | २३२,४५० | ६६,९२५ |
| कुल | १०९ | ९९३ | ८,३५६ | ४३,७५६ | १९६,६२० | १३१,६१० | ६७% | ५,०४२,७७६ | २,०९४,३०६ |

## अनुरोध

यस "स्वावलम्बन बैंक समाचार" लाई अझ प्रभावकारी, उपयोगी र स्तरीय बनाउन तपाईंहरुको रचनात्मक सहयोग एवं सुझावको सदैव अपेक्षा गर्दछौं । यस प्रकाशनको प्रकृतिसंग मेल खाने लेख, रचना, सदस्यहरुको सफलताका कथाहरु तथा अन्य समसामयिक गतिविधि समेटी तयार पारेका रिपोर्टहरु स्पष्टसंग लेखि वा टाइप गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**प्रापक**

....................................................................................

....................................................................................

....................................................................................

....................................................................................

केन्द्रीय कार्यालयः लालकोलोनी मार्ग, लालदरबार, काठमाडौं, पो.ब.नं. १९२४६, फोन ०१-४४३४९२१, ४४३४९२२ फ्याक्सः ०१-४४४१५२५
E-mail: swbbl@ntc.net.np / swabalambanadm@gmail.com, Web Site: www. swbbl.com.np